# शिक्षक पेसागत विकासको प्रारूप
# २०७२

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# प्राक्कथन

गुणस्तरीय शिक्षाको प्रमुख आधार शिक्षक हुन् । पेसागत रूपमा दक्ष र उच्च उत्प्रेरणा भएका शिक्षकबाट प्रभावकारी शिक्षण सिकाइ हुन सक्ने र त्यसले मात्र बाल बालिकाले गुणस्तर ीय शिक्षा पाउन सम्भव छ । त्यसैले विद्यालय शिक्षामा शिक्षक पेसागत विकासलाई महत्त्व दिइन्छ ।

शिक्षकले सिक्ने र आफ्नो पेसागत विकास गर्ने विभिन्न विधि र प्रक्रिया हुन्छन् । उनीहरूले तालिम कार्यक्रममा सहभागी भएर र अभ्यास, खोज तथा स्वाध्ययन, अनुभव आदान प्रदान तथा अवलोकन गरेर आफ्नो पेसागत दक्षता बढाउँछन् । त्यसैले शिक्षक पेसागत विकासका लागि सिकाइका यस्ता विभिन्न विधि र प्रक्रियाको प्रयोग गरिन्छ । नेपालमा पनि विद्यालय क्षेत्र सुधार कार्यक्रम अवधिमा यी विभिन्न विधि र प्रक्रियाबाट शिक्षकको दक्षता बढाउने शिक्षक पेसागत विकासको कार्यक्रम सञ्चालन गरियो । विभिन्न अध्ययन तथा अनुभवबाट यस कार्यक्रममा केही सुधार र परिमार्जन आवश्यक देखिएकाले विद्यालय क्षेत्र विकास कार्यक्रम अवधिका लागि प्रस्तुत शिक्षक पेसागत विकासको प्ररूप, २०७२ विकास गरिएको छ ।

यस प्रारूपको मुख्य उद्देश्य शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग गरी विद् यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार ल्याउने रहेको छ । यस कुराका लागि शिक्षक पेसागत विकास गर्न विभिन्न माध्यम: तालिमका विभिन्न कार्यक्रम, विद्यालयमा गरिने अभ्यास, स्वप्रयत्नमा आधारित सिकाइ, शिक्षक नेट वर्किङ र अनुभव आदान प्रदानको उपयो ग गरिने छ । यस कार्यमा सञ्चार प्रविधिको उपयोग बढाइने छ । शिक्षक तालिम अन्तर्गत प्रमाणीकरण तालिम, पुनर्ताजगी तालिम र स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम सञ्चालन गरिने छन् । यी सबै कार्यका लागि यस प्रारूपमा केन्द्रदेखि विद्यालय तहसम्मको भूमिका उल्लेख छ । यस प्रारूपको सफल कार्यान्वयनका लागि सरोकारवाला सबैको सहयो ग अपेक्षा गरिएको छ ।

यस प्रारूप विकासमा सहयोग गर्ने सबैका प्रति हार्दिक आभार प्रकट गर्दछौं । शिक्षक पेसागत विकासलाई अझै प्रभावकारी र परिणाममुखी बनाउन सरोकारवाला सबैको रचनात्क सुझाब र प्रतिक्रियको पनि आसा गर्दछौं ।

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषय सूचि


| सि.न. | विषय | पेज नं |
|---|---|---|
| १. | परिचय | . |
| २. | शिक्षक पेसागत विकासको विगतको अभ्यास | |
| ३. | शिक्षकक पेसागत विकासको कार्यक्रम (२०६६–७२) बाट प्राप्त सिकाइ तथा अनुभव | |
| ४. | शिक्षक पेसागत विकासका उद्देश्य | |
| ५. | शिक्षक पेसागत विकासका आधार | |
| ६. | शिक्षक पेसागत विकासका कार्यक्रम | |
| ७. | प्रमाणीकरण तालिम | |
| ८. | पुनर्ताजगी तालिम | |
| ९. | स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम | |
| १०. | शिक्षक पेसागत विकासका लागि स्वप्रयत्नमा आधारित सिकाइ | |
| ११. | शिक्षक पेसागत विकासका लागि अनुभव आदान प्रदानका कार्यक्रम | |
| १२. | शिक्षक पेसागत विकासमा सूचना प्रविधिको उपयोग | |
| १३. | शिक्षक पेसागत विकासमा उत्प्रेरणा र प्रोत्साहन | |
| १४. | शिक्षक पेसागत विकासको अनुगमन कार्यक्रम | |
| १५. | अनुसूची | |

# शिक्षक पेसागत विकासको प्रारूप, २०७२

## १. परिचय

गुणस्तरीय शिक्षा प्रत्येक बाल बालिकाको अधिकारको रूपमा स्थापित भएको छ । पेसागत रूपमा दक्ष र उच्च उत्प्रेरणा भएका शिक्षकबाट प्रभावकारी शिक्षण सिकाइ हुन सक्ने र त्यसले मात्र बाल बालिकाले गुणस्तरीय शिक्षा पाउन सम्भव छ । त्यसैले विद्यालय शिक्षामा शिक्षक पेसागत विकासलाई महत्त्व दिने गरिन्छ ।

शिक्षकले सिक्ने र आफ्नो पेसागत विकास गर्ने विभिन्न विधि र प्रक्रिया हुन्छन् । उनीहरूले तालिम कार्यक्रममा सहभागी भएर र अभ्यास, खोज तथा स्वाध्ययन, अनुभव आदान प्रदान तथा अवलोकन गरेर आफ्नो पेसागत दक्षता बढाउँछन् । त्यसैले शिक्षक पेसागत विकासका लागि सिकाइका यस्ता विभिन्न विधि र प्रक्रियाको प्रयोग गरिन्छ । शिक्षकले विभिन्न प्रक्रियाबाट आनो दक्षता बढाउने र शिक्षण सिकाइमा उपयोग गर्ने वातावरण विकास गर्न शिक्षक पेसागत विकासको प्रष्ट कार्य दिशा तय गर्नु आवश्यक हुन्छ ।

## २. शिक्षक पेसागत विकासको विगतको अभ्यास

विगतमा शिक्षक पेसागत विकासका लागि लामो तथा छोटा अवधिका विभिन्न तालिम हुने गरेका थिए । पेसागत विकासका अन्य माध्यमको खासै उपयोग हुनसकेको थिएन । विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-७२) मा मात्र शिक्षकको पेसागत विकासका लागि विभिन्न माध्यमबाट सिकाइ हुने गरी निम्नअनुसारको व्यवस्था गरिएको थियो :

- एक शिक्षकले पाँच वर्षको अवधि भित्र पाउने ३० दिन अवधिको तालिमलाई १०, १० दिनका तिन मोड्युलमा कार्यान्वयन गरिएको ।
- दस दिनको एक मोड्युलको तालिम पुरा गर्न शैक्षिक तालिम केन्द्र वा स्रोत केन्द्रबाट सञ्चालन गरिने पाँच दिनको तालिम, तिन कार्य दिन बराबरको विद्यालयमा गरिने अभ्यास वा परियोजना कार्य र प्रशिक्षक वा विज्ञले कार्य क्षेत्रमै आएर दिने दुई कार्य दिन बराबरको सहयोग र परामर्शको व्यवस्था गरिएको ।
- तिन ओटै मोड्युलका तालिम मागमा आधारित हुने व्यवस्था रहेको । यसका लागि शिक्षकले शिक्षण सिकाइका क्रममा अनुभव गरेका समस्याका आधारमा आफूलाई आवश्यक तालिमको माग गर्ने र शैक्षिक तालिम केन्द्र वा स्रोत केन्द्रले सो मागका आधारमा पाँच दिनको तालिम कोर्स तथा तालिम सामग्री विकास गरी तालिम सञ्चालन गर्ने गरिएको ।

## ३. शिक्षकक पेसागत विकासको कार्यक्रम (२०६६–७२) बाट प्राप्त सिकाइ तथा अनुभव

शिक्षक पेसागत विकास कार्यक्रम (२०६६–७२) को कार्यान्वयनबाट निम्नअनुसारका सिकाइ तथा अनुभव प्राप्त भए :

- शिक्षक पेसागत विकास कार्यक्रम (२०६६–७२) को कार्यान्वयन प्रक्रिया पूर्ण रूपमा विकेन्द्रित रहेको । शिक्षकले सिप विकास गर्न चाहेको विषय वस्तुको माग सङ्कलन गर्ने, मागको विश्लेषण गरेर बहुसङ्ख्यक शिक्षकबाट माग भएको विषय वस्तु पहिचान गर्ने, पहिचान भएको विषय वस्तुमा तालिम कोर्स र अन्य तालिम सामग्री बनाउने, तालिम सञ्चालन गर्ने र विद्यालय भ्रमण गरेर शिक्षकलाई परेको समस्या बुझेर आवश्यक सल्लाह वा परामर्श दिने जस्ता नितान्त प्राविधिक कार्य स्थानीय तालिम प्रदायक निकायलाई मात्र जिम्मेवारी दिइएको ।
- शिक्षकले शिक्षण सिकाइमा आफूलाई परेको समस्या बुझेर तालिमको माग गर्दछन् र प्रशिक्षकबाट पनि कक्षा अवलोकन तथा शिक्षकसँग औपचारिक वा अनौपचारिक छलफलका माध्यमले शिक्षकलाई परेको समस्याअनुसारको तालिम पहिचान हुन्छ र त्यसअनुसार तालिम डिजाइन गरी उपयुक्त प्रक्रियाबाट तालिम सञ्चालन हुन्छ भन्ने सोच राखिएको । यथार्थमा तालिम प्रदायक सँस्था खास गरी स्रोतकेन्द्र तहको विद्यमान संरचना तथा प्राविधिक क्षमता यस अनुकूल विकास भइनसकेको ।
- पेसागत सिप विकासमा सहभागी हुने शिक्षकको सङ्ख्या अत्यन्त ठुलो रहेको । यसका लागि पूर्वाधार र मानवीय स्रोतको कमी रहेको । आवश्यकताअनुसार अनुगमन गर्न र अभिलेख राख्न कठिनाइ भएको ।
- शैक्षिक तालिम केन्द्र तथा स्रोत केन्द्रबाट एक वर्षको अवधिमा तालिममा सहभागी भएका शिक्षकहरूको विद्यालयमा पुगेर परामर्श दिनु, तालिम कार्यक्रमका लागि माग सङ्कलन गर्नु, माग विश्लेषण र माग पहिचान गर्नु, तालिम सामग्री विकास गर्नु र तालिमसमेत सञ्चालन गर्नुपर्दा गुणस्तरमा ध्यान पुर्‍याउन कठिनाइ भएको ।

उल्लिखित अनुभव र शैक्षिक तालिम केन्द्रका वरिष्ठ प्रशिक्षकहरू तथा शिक्षक प्रतिनिधिहरूसँग समय समयमा भएका छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझाव तथा प्रतिक्रियाका आधार मा हाल सञ्चालनमा रहेको शिक्षक पेसागत विकासको कार्यक्रम (२०६६–७२) मा आवश्यक सुधार र परिमार्जन गरी आगामी दिनका लागि निम्नानुसारको शिक्षक पेसागत विकासको प्रारूप तय गरिएको छ ।

## ४. शिक्षक पेसागत विकासका उद्देश्य

४.१. शिक्षक पेसागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाई शिक्षक दक्षता र उत्प्रेरणामा सुधार गर्ने ।

४.२. शिक्षकको स्वप्रयत्नमा पेसागत दक्षतामा सुधार ल्याइ शिक्षण व्यवहारमा देखिने परिवर्तन ल्याउने ।

४.३. शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग गरी विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार ल्याउने ।

## ५. शिक्षक पेसागत विकासका आधार

५.१. शिक्षक पेसागत विकासका लागि विभिन्न माध्यम: तालिमका विभिन्न कार्यक्रम, विद्यालयमा गरिने अभ्यास, स्वप्रयत्नमा आधारित सिकाइ, शिक्षक नेट वर्किङ र अनुभव आदान प्रदानको पर्याप्त उपयोग गरिने छ ।

५.२. तालिम कार्यक्रम विद्यालय शिक्षाको पाठ्यक्रम सम्बद्ध स्तरीकृत तालिम कोर्स र स्थानीय आवश्यकताका क्षेत्रमा आधारित हुने छ ।

५.३. विद्यालयमा गरिने अभ्यास कार्यलाई तालिम कार्यक्रमको अभिन्न अङ्ग बनाइने छ ।

५.४. तालिम कार्यक्रमका लागि प्रशिक्षक तयारीलाई व्यवस्थित गर्ने ।

५.५. स्वाध्यायन, खोज, नवीनतम् प्रयोग गरी पेसागत विकास र प्रभावकारी शिक्षण सिकाइमा लागिपर्ने शिक्षकलाई प्रोत्साहन र कदर गरिने छ ।

५.६. शिक्षक पेसागत विकासमा सञ्चार प्रविधिको उपयोग बढाइने छ ।

## ६. शिक्षक पेसागत विकासका कार्यक्रम

६.१. शिक्षक तालिम

- प्रमाणीकरण तालिम
- पुनर्ताजगी तालिम
- स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम

६.२. स्वप्रयत्नमा आधारित सिकाइ

६.३. अनुभव आदान प्रदानका कार्यक्रम

## ७. प्रमाणीकरण तालिम

### ७.१. तालिमका आधार

७.१.१. प्रमाणीकरण तालिमलाई शिक्षक पेसागत दक्षता अभिवृद्धिका साथै वृत्ति

विकासको अवसरसँग आबद्ध गरिने छ र शिक्षा नियमावली तथा शिक्षक सेवा आयोग नियमावलीको प्रावधानबाट तोकिए बमोजिम वृत्ति विकासका निमित्त अङ्क पाउने व्यवस्था हुनेछ ।

७.१.२. प्रमाणीकरण तालिमको सञ्चालन स्तरीकृत (standardised) तालिम कोर्स तथा तालिम सामग्रीका आधारमा हुनेछ ।

७.१.३. प्रमाणीकरण तालिममा शिक्षकलाई आफूले अध्यापन गर्ने विषयका अतिरिक्त पेसागत विकास तथा स्थानीय आवश्यकताका क्षेत्रसँग सम्बन्धित तालिम छनौटको अवसर रहने छ ।

७.१.४. प्रमाणीकरण तालिमको प्रभावकारिताका निमित्त पाठ्यक्रम र सामग्री विकास तथा स्वीकृति, प्रशिक्षक विकास तथा तालिम सञ्चालनमा स्वीकृत प्रक्रियाको अवलम्बन गरिने छ । यस्ता तालिम शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्र जस्ता तालिम प्रदायक संस्थाहरूबाट  सञ्चालन गरिनेछ । अगुवा स्रोत केन्द्रहरू मार्फत सञ्चालन हुने तालिममा शैक्षिक तालिम केन्द्रहरूले आवश्यक समन्वय गर्नेछन् ।


**७.२. तालिमको संरचना**

७.२.१. प्रमाणीकरण तालिम ३० दिनको हुनेछ र १५/ १५ दिन गरेर दुई चरणमा सञ्चालन हुनेछ ।

७.२.२. दुवै चरणका तालिमलाई १० दिनको पहिलो खण्ड र पाँच दिनको दोस्रो खण्ड गरेर दुई खण्डमा विभक्त गरिने छ ।

७.२.३. दस दिनको पहिलो खण्डको तालिम तालिम प्रदायक सँस्थामा सञ्चालन गरिनेछ ।

७.२.४. दस दिनको तालिम पछि सहभागी शिक्षकले आफ्नै विद्यालयमा गएर अभ्यास शिक्षण वा अभ्यास कार्य गरी प्रतिवेदन तयार गर्नुपर्ने छ । यस कार्यकालाई दोस्रो खण्डको पाँच कार्य दिन बराबरको.सिकाइ अनुभव मानिने छ ।



७.२.५.सहभागी शिक्षकले विद्यालय फर्केको ४५ दिन भित्र सम्बन्धित शैक्षिक तालिम केन्द्रमा निर्दिष्ट ढाँचामा दोस्रो खण्डको अभ्यास कार्यको प्रतिवेदन पेस गर्नुपर्ने छ ।

७.२..६. तालिम कार्यमा सहभागिता, १० दिनको तालिमको लिखित परीक्षा र विद्यालयमा गरिने अभ्यास कार्यको प्रतिवेदनका आधारमा सहभागी शिक्षकको मूल्याङ्कन हुनेछ र तालिमको अङ्क दिइने छ।

७.२.७. पहिलो चरणका दुवै खण्डमा सफल सहभागी शिक्षकलाई दोस्रो चरणको तालिममा सहभागी गराइने छ ।

## ७.३. तालिममा विषय छनौटको व्यवस्था

७.३.१. पहिलो चरणको तालिम विषयगत रूपमा सञ्चालन गरिने छ र शिक्षकले पढाउने मुख्य विषयमा आधारित हुनेछ ।

७.३.२. दोस्रो चरणको तालिममा उपलव्ध कोर्स मध्येबाट आवश्यकताअनुसारका विषय छनौट गर्न सकिने छ । यस सन्दर्भमा माध्यमिक तथा आधारभूत तहमा छनौटका फरक फरक विकल्प हुनेछन् र छोटा मोड्युलर कोर्स समेतबाट छनौटको व्यवस्था पनि हुनेछ ।

७.३.३. दोस्रो चरणको तालिममा माध्यमिक तहका शिक्षकले आफूले शिक्षण गने विषयमा नै वा पेसागत अन्य विषय वस्तुमा आधारित तालिम छनौट गर्न सक्ने छन् ।

७.३.४. आधारभूत तहका शिक्षकले एकभन्दा बढी विषय अध्यापन गर्नुपर्ने भएकाले दोस्रो चरणको तालिममा अर्को कुनै विषय वा पेसागत अन्य विषय वस्तुमा आधारित तालिम छनौट गर्न सक्ने छन् ।

७.३.५ दोस्रो चरणको पहिलो खण्डको तालिम शिक्षकले छनौट गरेअनुसार १० दिनको सिङ्गो प्याकेज वा दुई, दुई दिनका पाँच ओटा मोड्युलको एकीकृत प्याकेजमा आधारित हुने छ ।

## ७.४. तालिमका लागि प्रशिक्षक तयारी

७.४.१. तालिम सञ्चालनका लागि योग्य प्रशिक्षकको व्यवस्था गर्न रोष्टर प्रशिक्षकको छनौटका लागि निम्न आधार उपयोग गरिने छ :

- महा विद्यालयको प्राध्यापक तथा माध्यमिक तहमा काम गरेको शिक्षक
- सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त

- सञ्चार प्रविधिको अधिकतम् उपयोग गर्ने
- शिक्षण सिकाइका क्षेत्रमा नवीनतम् प्रयोग तथा खोज तलास गर्ने
- विद्यालय शिक्षकको हकमा आफ्नो विषयमा विद्यार्थीको शैक्षिक उपलब्धि ६० प्रतिशतभन्दा माथि गराउन सफल भएको

७.४.२. प्रशिक्षकले निम्न आधारमा क्षमता विकास र आफूलाई अध्यावधिक गराउनु पर्ने छ :

- स्वाध्यायन
- अन लाइन कोर्समा संलग्न
- प्रशिक्षक प्रशिक्षणका कार्यक्रममा सहभागी

### ७.५. तालिमका लागि सामग्री व्यवस्था

७.५.१. प्रमणीकरण तालिम  स्तरीकृत तालिम कोर्स र यस कोर्सका आधारमा विकास गरिएका तालिम सामग्री:  प्रशिक्षक निर्देशिका, शिक्षक स्वध्यायन सामग्री तथा अन्य आवश्यक सामग्रीका आधारमा सञ्चालन गरिने छ ।

७.५.२.  माथि बुँदा नं. ५.२ मा उल्लेख भएअनुसारका दुवै चरणका तालिम कोर्स शै क्षिक जनशक्ति विकास केन्द्रबाट गठित प्राविधिक समितिबाट विकास र यस केन्द्रबाट स्वीकृत गरिएका हुनेछन् ।

७.५.३. तालिम सामग्री  निर्माण गर्नका लागि जनशक्ति लगायतका क्षमतालाई ख्याल गरेर काममा दोहोरो नहुने गरी भिन्न भिन्न शैक्षिक तालिम केन्द्रलाई भिन्न भिन्न कोर्सका तालिम सामग्री निर्माणको जिम्मेवारी दिन सकिने छ ।

### ७.६. अभ्यास कार्य र प्रतिवेदन

दस दिनको तालिम अवधिमा सिकेका विषयको प्रयोगात्मक अनुभव, सिप सुदृढीकरण र प्रतिबिम्बन गर्ने उद्देश्यका लागि तालिममा सहभागी शिक्षकले आफ्नै विद्यालयमा निम्नअनुसार ३० दिनको अभ्यास कार्य गरी प्रतिवेदन पेस गर्नुपर्ने छ ।

७.६.१. दस दिनको तलिमका सहभागी शिक्षकले तालिम पुरा गरेर विद्यालय फर्कनु अगाडि आफूले तालिममा सिकेको कुरा विद्यालय तथा कक्षामा कसरी अभ्यास गर्ने भन्ने बारेमा कुनै एउटा कक्षालाई लक्षित गरी सुधारको योजना वा शिक्षण सिकाइमा गरिने क्रियाकलापको खाका बनाउनु पर्दछ र यसअनुसार अभ्यास कार्य गर्नु पर्दछ ।

७.६.२. शिक्षण अभ्यासका क्रममा सम्बन्धित शिक्षकले पाठको उद्देश्य, त्यसका लागि गरिने क्रियाकलाप र विद्यार्थीको सिकाइको लेखजोखाको प्रक्रिया टिपोट गरेको पाठ योजना सहित कक्षामा जानु पर्दछ । सहभागी शिक्षकले अभ्यास कार्यको प्रतिवेदनमा कम्तिमा १५ ओटा पाठ योजना र पाठ शिक्षणको अनुभवसमेत पेस गर्नुपर्ने छ ।

७.६.३. अभ्यास कार्यका क्रममा साथी शिक्षक, प्रधानाध्यापक र रोष्टर प्रशिक्षक वा विद्यालय निरीक्षक वा स्रोत व्यक्तिबाट कक्षा अवलोकन गराइ अनुभव आदान प्रदान गर्ने र पृष्ठपोषण लिने गर्नु पर्दछ र प्रतिवेदनमा उक्त पृष्ठपोषण कसरी कार्यान्वयन गरियो भन्ने कुरा उल्लेख गर्नुपर्ने छ ।

७.६.४. प्रतिवेदनमा शिक्षण सिकाइका कुनै एउटा विषय वा समस्यामा कार्यमूलक अनुसन्धान गरी उक्त अनुसन्धान कसरी गरियो र विद्यार्थीको सिकाइमा के परिवर्तन देखियो उल्लेख हुनुपर्दछ ।

७.६.५. अभ्यास कार्यका ३० दिनपछिका पाँच दिनमा अनुसूचीमा दिइएको ढाँचामा प्रतिवेदन तयार गरी त्यस पछिका १० दिन भित्र तालिम लिएको शैक्षिक तालिम केन्द्रमा पेश गर्नु पर्दछ ।

७.६.६. प्रतिवेदन विद्यालयको प्रधानाध्यापकबाट प्रमाणित भएको हुनु पर्दछ ।

७.६.७. प्रधानाध्यापक स्वयं तालिममा सहभागी भए सम्बन्धित रोष्टर प्रशिक्षक वा विद्यालय निरीक्षक वा स्रोत व्यक्तिबाट प्रतिवेदन प्रमाणित गराउनु पर्दछ ।

**७.७. तालिममा सहभागी शिक्षकको मूल्याङ्कन आधार**

७.७.१. एक शिक्षकले पाउने दुई चरणको तालिमका लागि ५०, ५० अङ्क पाउने गरी जम्मा १०० अङ्कका आधारमा मूल्याङ्कन गरिने छ ।

७.७.२. एउटा चरणको ५० अङ्कमा शैक्षिक तालिम केन्द्रबाट सञ्चालन हुने तालिमका गतिविधि र लिखित जाँचका लागि ४० अङ्क र विद्यालयको अभ्यास कार्य र प्रतिवेदनका लागि १० अङ्क छुट्याइने छ ।

७.७.३. शैक्षिक तालिम केन्द्रबाट सञ्चालन गरिने तालिममा ४० अङ्कको मूल्याङ्कनका आधार निम्नअनुसार हुनेछन् :

- उपस्थिति: ३ अङ्क
- अनुशासन र तालिम कक्षको नियम (हाउस रुल) पालना: २ अङ्क
- तालिम कक्षमा समूह कार्य, व्यक्तिगत कार्य र गृह कार्य आदिमा रुचि

र दक्षता: १० अङ्क

- दसौँ दिनमा सञ्चालन हुने लिखित परीक्षा : २५ अङ्क

७.७.४. पच्चिस अङ्कको लिखित परीक्षाका लागि १० ओटा बहु विकल्प प्रश्नमा पाँच अङ्क, पाँच ओट संक्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र एउटा लामो उत्तरको प्रश्नमा पाँच अङ्क छुट्याइने छ । तालिमको वैद्धताका लागि तालिम कोर्स ढाक्ने गरी विशिष्टीकरण तालिका निर्माण गरी प्रश्न पत्र निर्माण गरिने छ ।

७.७.५. दुई/ दुई दिने पाँच ओटा मोड्युलर तालिम सञ्चालन गर्दा प्रत्येक मोड्युलबाट दुइ/ दुई ओटा बहु विकल्प प्रश्न एक/ एक ओटा संक्षिप्त उत्तरात्मक प्रश्न र कुनै एक मोड्युलबाट लामो उत्तर आउने एउटा प्रश्नका आधारमा सहभागीको मूल्याङ्कन गर्नुपर्ने छ ।

७.७.६.तालिममा अनुपस्थिति रहदा प्रति सेसन ०.५ अङ्क कट्टा हुने छ र पाँच सेसन अनुपस्थित हुने सहभागीको तालिम पुरा नभएको मानिने छ ।

७.७.७. विद्यालयमा गरिने अभ्यास कार्य र प्रतिवेदन मूल्याङ्कनका आधार:

- प्रतिवेदनको समग्र स्वरूप र स्तरीयता
- कक्षा अवलोकन र प्राप्त पृष्ठपोषणको कार्यान्वयन गरिएको पुष्टि
- पन्ध्र ओटा पाठ योजनाको खाका
- पठन पाठनका कुनै क्षेत्रमा कार्यमूलक अनुसन्धान
- तोकिएका पदाधिकारीबाट प्रतिवेदन प्रमाणित

७.७.८.विशेष विद्यालयका शिक्षक तथा स्रोत कक्षा विद्यालयका स्रोत शिक्षकका लागि एकै पटकमा दुवै चरणका तालिम सञ्चालन गरिएको अवस्थामा शैक्षिक तालिम केन्द्रमा हुने मूल्याङ्कनका लागि ८० अङ्क र विद्यालयमा गरिने अभ्यास कार्य र प्रतिवेदन तयारीका लागि २० अङ्क हुने छ ।

७.७.९. सहभागीले प्राप्त गरेको अङ्कलाई निम्नअनुसार श्रेणी विभाजन गरिने छ :

- विशिष्टता सहितको प्रथम श्रेणी : ९० अङ्क भन्दा माथि
- प्रथम श्रेणी : ७५ देखि ९० अङ्क सम्म
- द्वितीय श्रेणी : ६० देखि ७४ अङ्क सम्म
- सफल : ५० अङ्क वा सोभन्दा माथि

७.७.९. तालिममा सफल हुन दुवै चरणका दुवै खण्डमा ५० प्रतिशत अङ्क ल्याएको हुनुपर्ने छ ।

**७.८. तालिमका लागि शिक्षक छनौट**

७.८.१. पहिलो चरणको तालिमका लागि शिक्षक छनौट निम्नअनुसार हुनेछ :

- कुनै पनि तालिम नलिएका स्थायी शिक्षक
- शिक्षकको पेसागत विकास (२०६६ - ७२ ) मा एउटा मात्र मोड्युलको तालिम पाएका स्थायी शिक्षक

७.८.२. दोस्रो चरणको तालिमका लागि शिक्षक छनौट निम्नअनुसार हुनेछ :

- पहिलो चरणको तालिम पुरा गरेका स्थायी शिक्षक
- शिक्षक पेसागत विकास (२०६६ - ७२ ) मा दुई ओटा मोड्युलको तालिम पाएका स्थायी शिक्षक

७.८.३. शिक्षक पेसागत विकास (२०६६ - ७२) को अवधिमा दुई ओटा मोड्युलको तालिम पुरा गरेर हालको प्रारूपअनुसारको कुनै एक चरणको तालिममा सहभागी शिक्षकलाई सहभागी भएको चरणको तालिममा प्राप्त श्रेणीलाई एक महिना अवधिको तालिमको श्रेणी मानिने छ ।

७.८.४. एउटा तह र श्रेणीमा तिन ओटा मोड्युल वा दुई चरणको तालिममा सहभागी भइ एक महिनाको प्रमाणीकरण तालिम पुरा गरिसकेका शिक्षकलाई त्यही तह र श्रेणीमा पुन: प्रमाणीकरण तालिममा सहभागी गराइने छैन । कोही शिक्षकले एउटा तह र श्रेणीमा दुइ पटक प्रमाणीकरण तालिम लिएको प्रमाणित भएमा दोस्रो पटकको प्रमाणीकरण तालिमको वैधता हुने छैन ।

**७.९. विशेष आवश्यकता सम्बन्धी शिक्षामा कार्यरत शिक्षकका लागि प्रमाणीकरण तालिम**

७.९.१. विशेष आवश्यकता सम्बन्धी शिक्षाका लागि विशेष विद्यालयका शिक्षक र एकीकृत तथा स्रोतकक्षा विद्यालयका स्रोत शिक्षकका लागि सञ्चालन गरिने दुई चरणका तालिम एकै पटकमा २० दिन पुरा हुने गरी सञ्चालन गर्न सकिने छ ।

७.९.२. दुई चरणका तालिम एकै पटकमा सञ्चालन गर्दाका अवस्थामा विद्यालयमा गरिने ३० दिन अवधिको अभ्यास कार्यलाई १० कार्य दिन मानिने छ ।

७.९.३. दुवै चरणका तालिम एकै पटकमा सञ्चालन हुँदा ५० पूर्णाङ्कलाई १०० पूर्णाङ्क मानी सोही आधारमा सहभागीको मूल्याङ्कन गरिनेछ

७.९.४. विशेष आवश्यकता भएका बाल बालिकाहरूलाई शिक्षण गर्ने शिक्षकहरूको क्षमता विकासको आवश्यकतालाई दृष्टिगत गरी थप एक चरणको सबलीकरण तालिम (Enrichment Course) सञ्चालन हुन सक्नेछ ।

**७.१०. गैर सरकारी सँस्थाबाट प्रमाणीकरण तालिम सञ्चालन**

शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी सँस्थाले प्रमाणीकरण तालिम सञ्चालन गर्न चाहेमा शैक्षिक जनशक्ति विकास केन्द्रको अनुमति र नजिकको शैक्षिक तालिम केन्द्रको समन्वयमा स्वीकृत तालिम कोर्स भित्र रहेर तालिम सञ्चालन गर्न सकिने छ ।

**७.११. सहभागी शिक्षकको अभिलेख व्यवस्था**

प्रमाणीकरण तालिममा सहभागी शिक्षकको नाम, ठेगाना, विद्यालय, कार्यरत तह, तालिमको विषय, तालिममा सहभागी भएको मिति र तालिम उत्तीर्ण गरे को श्रेणी खुलेको अभिलेख सम्बन्धित शैक्षिक तालिम केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रमा राखिने छ ।

## ८. पुनर्ताजगी तालिम

प्रमाणीकरण तालिम पाइसकेका शिक्षकहरूको मागअनुसारको विषयमा बढीमा पाँच दिनसम्मको पुनर्ताजगी तालिम सञ्चालन गर्न सकिने छ । यस्तो तालिममा स्थायी बाहेकका शिक्षकको पनि सहभागिता हुनसक्नेछ ।

## ९. स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम

९.१. स्थानीय आवश्यकताका क्षेत्रमा शिक्षकमा खास प्रकारका सिप विकास गर्न स्रोत केन्द्र तथा अगुवा स्रोत केन्द्रबाट आवश्यकताअनुसारका कोर्स विकास गरी दुई दिनका मोड्युलर तालिम सञ्चालन गर्न सकिने छ ।

९.२. शैक्षिक जनशक्ति विकास केन्द्रबाट स्थानीय आवश्यकता र माग अध्ययन गरी विभिन्न मोड्युलर कोर्स विकास हुनेछन् । स्रोत केन्द्र तथा अगुवा स्रोत केन्द्रले मोड्युलर तालिम सञ्चालन गर्न यस्ता कोर्सको उपयोग गर्न सक्ने छन् ।

९.३. स्थानीय तहबाट सञ्चालन गरिने मोड्युलर तालिमको प्रमाणीकरण हुने छैन ।

## १०. शिक्षक पेसागत विकासका लागि स्वप्रयत्नमा आधारित सिकाइ

१०.१. शिक्षकलाई आफ्नै प्रयासमा सिक्न र दक्षता बढाउन प्रोत्साहन गरिने छ ।

१०.२. गरेर सिक्ने कुरालाई प्रोत्साहन गर्न परियोजना कार्यलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गरिने छ ।

१०.३. सञ्चार प्रविधिको उपयोग गरी सिक्ने र दक्षता बढाउने शिक्षकका लागि अन लाइन कोर्सको व्यवस्था हुनेछ ।

१०.४.अन लाइन माध्यमले सिक्न र दक्षता बढाउन चाहाने शिक्षकको दक्षता प्रमाणीकरण हुनेछ ।

## ११. शिक्षक पेसागत विकासका लागि अनुभव आदान प्रदानका कार्यक्रम

शिक्षकहरू बिचमा एक अर्काको अनुभवबाट सिक्न र पेसागत विकास गर्न अनुभव आदान प्रदानका कार्यक्रमलाई सँस्थागत गर्दै लगिने छ । अनुभव आदान प्रदान कार्यक्रम विद्यालय तह, स्रोत केन्द्र तह र जिल्ला तहमा सञ्चालन गर्न सकिने छ ।

११.१. विद्यालय तहमा शिक्षक पेसागत विकासका लागि गरिने अनुभव आदान प्रदानका कार्यक्रम

११.१.१. विद्यालयमा निम्नानुसारका बैठकलाई शिक्षकहरूका बिचमा अनुभव आदान प्रदानको माध्यम बनाइने छ :

- तालिम कार्यक्रममा सहभागी भएर फर्केका शिक्षकको अभ्यास कार्यको तयारी बैठक ।
- विद्यालयमा अभ्यास कार्यका क्रममा प्रधानाध्यापक तथा साथी शिक्षकबाट गरिने कक्षा अवलोकन पछि पृष्ठपोषणका सम्बन्धमा हुने बैठक ।
- विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम निर्माण सम्बन्धी बैठक ।
- विद्यालयले लिने परीक्षाको परीक्षाफल प्रकाशनपछि परीक्षा विश्लेषण सम्बन्धी बैठक ।
- विद्यालयका प्रधानाध्यापक तथा शिक्षकले आवश्यक ठानेका शिक्षण सिकाइ तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी बैठक ।

११.१.२. विद्यालयमा शिक्षकका बिचमा अनुभव आदान प्रदान र सिकाइका लागि निम्नानुसारका कार्यक्रमलाई प्रोत्साहन गरिने छ :

- शिक्षण सिकाइ तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा विज्ञ स्रोत व्यक्तिको सहजीकरणमा कार्यशाला
- विभिन्न सूचनाका स्रोत वा छिमेकी विद्यालयको अवलोकन भ्रमणका कार्यक्रम
- शिक्षकको नेतृत्वमा प्रवचन, वक्तृत्व, साँस्कृतिक कार्यक्रम, शैक्षिक मे

ला तथा प्रदर्शनी, वृक्षारोपण, श्रमदान, उद्धार तथा राहत, घर दैलो, सर्भे जस्ता सह कार्यकलापका कार्यक्रम

११.१.३. विद्यालयलाई उपर्युक्तअनुसारका कार्यक्रमको अभिलेख राख्न प्रोत्साहित गरिने छ ।

११.१.४. विद्यालय तहमा गरिने शिक्षकको पेसागत विकास सम्बन्धित गतिविधिको जिम्मा विद्यालयका प्रधानाध्यापकको हुने छ । यो कार्य उनले मातहतका शिक्षक मार्फत गराउन सक्नेछन् ।

**११.२. स्रोत केन्द्र तहमा शिक्षक पेसागत विकासका लागि गरिने अनुभव आदान प्रदानका कार्यक्रम**

११.२.१. स्रोत केन्द्र तहमा शिक्षकहरूका बिचमा अनुभव आदान प्रदानका लागि निम्नानुसारका कार्यक्रम आयोजना गरिने छन् :

- विषय शिक्षकहरूको बैठक
- शिक्षण सिकाइ तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा विज्ञ स्रोत व्यक्तिबाट सहजीकरण गरिने  छोटो अवधिका कार्यशाला
- शिक्षण सिकाइ तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा छोटा मेड्युलर तालिम
- विभिन्न सूचनाका स्रोत वा छिमेकी जिल्लाका नमूना विद्यालयको अवलोकन भ्रमण

११.२.२. स्रोत केन्द्र तहमा शिक्षकहरू बिचमा अनुभव आदान प्रदानका उद्देश्यले आधारभूत तहका शिक्षकसमेत रहने गरी विषय शिक्षकहरूको समिति गठन हुनेछ र हरेक वर्ष हरेक विषयको न्यूनतम् दुई ओटा बैठक आयोजना हुनेछन् ।

११.२.३. स्रोत केन्द्र तहमा गरिने अनुभव आदान प्रदान र आपसी सिकाइका गतिविधिको जिम्मा सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिको हुनेछ ।

११.२.४. स्रोत केन्द्र तहमा शिक्षक पेसागत विकासका लागि आयोजना गरिने सबै कार्यक्रम र गतिविधिको अभिलेख राखिने छ र जिल्लामा स्रोत व्यक्ति तथा विद् यालय निरीक्षक बैठकमा यसको प्रस्तुति र समीक्षा हुनेछ ।

**११.३. जिल्ला तहमा शिक्षक पेसागत विकासका लागि गरिने अनुभव आदान प्रदानका कार्यक्रम**

११.३.१. जिल्ला तहमा शिक्षक पेसागत विकासका लागि निम्नानुसारका कार्यक्रम

आयोजना गरिने छन् :

- विषय शिक्षकहरूको बैठक तथा कार्यशाला
- शिक्षण सिकाइसँग सम्बन्धित गोष्ठी तथा सेमिनार

११.३.२. जिल्ला तहमा शिक्षक पेसागत विकासका उद्देश्यले आधारभूत तहका शिक्षकसमेत रहने गरी विषय शिक्षकहरूको समिति गठन हुनेछ र हरेक वर्ष हरेक विषय समितिको बैठक आयोजना गरिनेछ ।

११.३.३. जिल्ला तहमा शिक्षक पेसागत विकासका गतिविधिको जिम्मा जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृतको हुने छ । अगुवा स्रोत केन्द रहेको जिल्लामा अगुवा स्रोत केन्द्र हेर्ने अधिकृतलाई नै यस कार्यको जिम्मा दिइने छ ।

११.३.४. जिल्ला तहमा शिक्षक पेसागत विकासका गतिविधिको अभिलेख राखिने छ र सिकाइ भएका नयाँ कुरा लागु गर्न स्रोत केन्द्र मार्फत जिल्लाका सबै विद्यालयलाई जानकारी गराइने छ ।

## १२. शिक्षक पेसागत विकासमा सूचना प्रविधिको उपयोग

१२.१. शिक्षक पेसागत विकासका लागि सूचना प्रविधिमा आधारित अध्ययन सामग्री विकास, सङ्कलन र आपूर्तिको उपयुक्त व्यवस्था गर्दै लगिने छ ।

१२.२. विषयगत शिक्षक तालिममा सञ्चार प्रविधिको उपयोग सम्बन्धी विषय वस्तु समावेस गरिने छन् ।

१२.३. शिक्षक तालिमका सबै कार्यक्रममा सञ्चार प्रविधिको उपयोगलाई बढाइने छ ।

१२.४. सञ्चार प्रविधि सम्बन्धी आधारभूत शिक्षक तालिमलाई व्यापक बनाइने छ ।

## १३. शिक्षक पेसागत विकासमा उत्प्रेरणा र प्रोत्साहन

१३.१. शिक्षण सिकाइमा खोज र नवीनतम् प्रयोग गरी विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन सफल शिक्षकलाई रोष्टर प्रशिक्षक छनौटमा प्राथमिकता दिइने छ ।

१३.२. तालिममा सिकेका कुरा र स्वप्रयत्नमा आधारित नवीनतम् प्रयोगका आधारमा प्रभाकारी शिक्षण सिकाइ गर्ने शिक्षकको कदर र प्रसंशा गरिने छ ।

१३.३. शिक्षकले शिक्षण सिकाइका क्रममा गरेका नवीनतम् प्रयोग र खोजलाई शिक्षकको नामसहित प्रचारमा ल्याइने छ ।

१३.४ शिक्षकले शिक्षण सिकाइका क्रममा गरेका नवीनतम् प्रयोग र खोजलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गरिने छ ।

## १४. शिक्षक पेसागत विकासको अनुगमन कार्यक्रम

१४.१. शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउन योजना बद्ध र नियमित अनुगमन गरिनेछ ।

१४.२. हरेक वर्ष नमुना छनौटका आधारमा जिल्ला, शैक्षिक तालिम केन्द्र, स्रोत केन्द्र र विद्यालयहरूको अनुगमन गरिने छ ।

१४.३. अनुगमनका क्रममा जिल्ला, शैक्षिक तालिम केन्द्र, स्रोत केन्द्र र विद्यालयले सञ्चालन गरेका शिक्षकको पेसागत विकासका गतिविधिको जानकारी लिइने छ ।

१४.४. अनुगमनका क्रममा शैक्षिक तालिम केन्द्रमा तालिम सञ्चालन र विद्यालयमा कक्षा सञ्चालनको अवलोकन गरिने छ ।

१४.५. कक्षा अवलोकनका क्रममा तालिममा सिकेका कुरा र स्वप्रयत्नमा नवीनतम् प्रयोग गरी प्रभाकारी शिक्षण सिकाइ गर्ने शिक्षक पहिचान गरिने छ ।

१४.६. विद्यालय अनुगमन गर्दा शिक्षकको पेसागत विकासका सम्बन्धमा शिक्षकका सुझाव तथा प्रतिक्रियासमेत सङ्कलन गरिने छ ।

१४.७. अनुगमन प्रतिवेदनका आधारमा शिक्षकको पेसागत विकासका कार्यक्रमको सुधार र परिमार्जन गरिने छ ।

अनुसूची १

# तालिम कोर्सको ढाँचा

१. परिचय

तालिमको आवश्यकता तथा औचित्य

- तालिमको मुख्य उद्देश्य
- तालिमका मुख्य विषय वस्तु

२. तालिमका विशिष्ठ उद्देश्य

३. तालिमका विषय वस्तुको सूची

४. तालिम सञ्चालनका विधि तथा प्रक्रिया

५. सहभागीको मूल्याङ्कनका आधार ( १० दिनको तालिमका लागि )

५.१. तालिम अवधिको सहभागिताका लागि १५ अङ्क

५.२. लिखित परीक्षाको २५ अङ्क

- दस ओटा बहु विकल्प प्रश्नमा पाँच अङ्क,
- पाँच ओट संक्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क
- एउटा लामो उत्तरको प्रश्नमा पाँच अङ्क

५.३. अभ्यास कार्य र प्रतिवेदन १० अङ्क

६. तालिमको १० दिनको कार्यक्रम

अनुसूची २

# तालिम सञ्चालन प्रशिक्षक निर्देशिकाको ढाँचा

(दस दिनको तालिम कार्यक्रमका लागि ३० ओटा सेसनको डिजाइन हुने छ)

१. सेसन परिचय

- सेसनका बारेमा छोटो जानकारी
- समग्र कोर्ससँग सेसनको सम्बन्ध
- सेसनको मुख्य उद्देश्य
- सेसन सञ्चालन विधि र प्रक्रिया

२. सेसनका विशिष्ट उद्देश्य

३. सेसनका विषय वस्तु

४. सेसनका क्रियाकलाप

४.१

४.२

४.३

................

५. सहभागी सिकाइको लेखाजोखाका आधार

अनुसूची : ३

# विद्यालयमा गरिएको अभ्यास कार्यको प्रतिवदेनको ढाँचा

१. परिचय

- तालिमको विषय र सञ्चालन मिति
- सिकाइ भएका मुख्य मुख्य कुरा
- सिकेका कुरा शिक्षण सिकाइमा प्रयोग गरिएको वा अभ्यास गरिएको विषय र मिति

२. अभ्यास कार्यको तयारी

- अभ्यास कार्यको योजना
- प्रधानाध्यापक र अन्य शिक्षकसँग बैठक : आफूले सिकेका कुराको जानकारी र अभ्यास कार्य अवलोकन र पृष्ठपोषण माग गर्नका लागि
- सामग्री निर्माण , आदि ।

३. अभ्यास कार्य

- अभ्यास अवधिमा शिक्षण सिकाइ गरिएका मुख्य मुख्य विषय वस्तुमा शिक्षण सिकाइका क्रियाकलाप, सिकाइको लेखाजोखा
- सहकर्मी शिक्षक, प्रधानाध्यापक र रोष्टर प्रशिक्षक वा विद्यालय निरीक्षक वा स्रोत व्यक्तिबाट कक्षा अवलोकन, प्राप्त पृष्ठपोषण र त्यसको कार्यान्वयन (अवलोकन गर्ने व्यक्तिले सम्बन्धित पाठ योजनामा हस्ताक्षर गरेको हुनु पर्ने)

४. अभ्यास कार्यको अवधिमा गरेको परियोजना कार्य वा कार्यमूलक अनुसन्धान

- कुन अध्ययन कार्य कसरी गरियो
- अध्ययन कार्यबाट शिक्षण सिकाइमा कुनै सहयोग पुगेको भए त्यसको अनुभव

५. अभ्यास कार्यको अनुभव

- समग्र विद्यार्थीको सिकाइमा परेको प्रभाव
- कमजोर ठानिएका विद्यार्थीको सिकाइमा परेको प्रभाव

६. अभ्यास कार्यको समग्र अनुभव र निष्कर्ष

७. अभ्यास कार्यमा प्रधानाध्यापकको अनुभव प्रतिक्रिया सहितको हस्ताक्षर ( अनुभव प्रधानाध्यापक स्वयंले लेखेको हुनु पर्ने छ )

८. शिक्षकको नाम र हस्ताक्षर

**विद्यालयको नाम :**

**सम्पर्क फोन :**

(अभ्यास कार्यका लागि तयार गरिएका १५ ओटा पाठ योजनाको खाका अनुसूचीमा संलग्न हुनुपर्ने छ)